मानननीय हर्कराज राई
प्रतिनिधिसभा सदस्य, सुनसरी-१
संसदीय दलको नेता,
श्रम संस्कृति पार्टी

Hon'ble Harkaraj Rai
Member of Parliament, Sunsari-1
Parliamentary Party Leader,
Shram Sanskriti Party

मिति २०८३/०१/०८

## प्रतिबद्धता पत्र

१. असम्लग्न पराराष्ट्र नीतिलाई कायम र सुदृढ गर्दै देशलाई विदेशी हस्तक्षेप बाट मुक्त गरियोस् राखियोस् ! mcc, spp, buffer state जस्ता सन्धि सम्झौता, तालमेल र सैन्यरणनीति र युद्ध सङ्ग प्रत्यक्ष या परोक्ष जोड्नेजोडिने अवस्था र घोषणा गर्ने कार्य नगर्ने !

२. सिमा रक्षामा जोड दिने ! छिमेकी मूलुकहरु सङ्ग नियमित छलफल निरीक्षण र निर्माण गरी सिमाको रक्षा गरी सबै मूलुक सङ्ग जोडिएका सिमावर्ती क्षेत्रमा सेवा सुरक्षाको प्रत्याभूति गर्ने ! सेनालाई सिमा रक्षामा लगाउने ! अवैध तरिकाले भैराखेको निर्माण कार्यहरु रोक्ने रोक्न लगाउने।

३. भौतिक पूर्वाधार, आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक बिकासमा आफ्नै मौलिक शैली, आधुनिक प्रविधि र आफ्नै प्राकृतिक स्रोत साधन र जनशक्ति परिचालन गरेर स्वाधीन अर्थतन्त्रको बिकास गर्ने !

४. नुन, तेल, उर्जा र पेट्रोलियम पदार्थ जस्ता दैनिक चाहिने अत्यावश्यक आधारभूत आवश्यकताहरुका मूल्य सामान्य र स्वाभाविक बनाइराख्ने ! जन जीवनलाई सामान्य बनाइराख्न आवश्यक भूमिका खेली नेतृत्व लिने !

४. श्रम, श्रमदान, उत्पादन, निर्माण, आविष्कार अन्वेशनलाई नै शिक्षा हो भन्ने मूल मान्यता स्थापित गर्दै शिक्षामा तात्वीक परिवर्तन ल्याउने ! उत्पादन गर्न नसक्ने शिक्षा, निर्माण गर्न नजान्ने शिक्षा र आविष्कार गर्न नचाहने शिक्षाले जीवनमा सकारात्मक परिवर्तन ल्याउन नसक्ने हुँदा हप्ताको तीन दिन भन्दा बढी किताब घोकाउने शिक्षाको अन्त्य गरी व्यवहारिक शिक्षामा जाने लाने ! हप्ताको ३ दिन किताब र बाँकीको ४ दिन श्रम, सीप र सृजना सिकाएर उत्पादन, निर्माण, सृजना र आविष्कार गर्न सिकाउने !

५. कृषीलाई नै शिक्षा र उद्योगको आधार मान्ने ! विश्वविद्यालय, मन्त्रालय र सिंहदरबार भित्र सिमित कागजी कृषी क्रान्तिलाई खेतबारी र गाउँघर सम्म पुराउने ! सिंचाइ, मलखाद, वीउविजन र प्रविधि अनि श्रम गर्ने श्रम संस्कृतिलाई किशानसम्म पुराउने !

६. कम्तीमा एकपालिका एक उद्योग, एक परिवार एक रोजगारको नीति लागु गर्ने !

Contact: 9819012372 Website: www.ssparty.org.np E-mail: harka2009@gmail.com

benco S1
AI Triple Rear Camera

माननीय हर्कराज राई
प्रतिनिधिसभा सदस्य, सुनसरी-१
संसदीय दलको नेता,
श्रम संस्कृति पार्टी

Hon'ble Harkaraj Rai
Member of Parliament, Sunsari-1
Parliamentary Party Leader,
Shram Sanskriti Party

७. विदेशी ऋण र अनुदानको भरमा नभएर आफ्नो जनशक्ति र प्राकृतिक स्रोत परिचालन गरी देशलाई अघि बढाउने नीति लिनु पर्ने ! युवालाई यही देशमा गरिखान सक्ने वातावरण निर्माण जोड दिने ! विदेशी हस्तक्षेप बढाउने आइ.एन.जि.ओ. हरु खारेज गर्ने !

८. देश बिकासको अवधारणामा सिमावर्ती क्षेत्रलाई पहिलो प्राथमिकता दिने र गाउँघरलाई प्राथमिकतामा राखेर काठमाण्डौलाई मात्रै नेपाल ठान्ने किसिमको बिकास नगरी सबै तिर बजेट विनियोजन गर्ने ! उपत्यका बाहिर पनि नेपाल छ भन्ने आभाष सरकारलाई हुने गरी र नेपाल सरकार हामी सबैको हो भन्ने गरी उपत्यका बाहिर विशेष गरी गाउँ केन्द्रत बिकासमा जोड दिने ! संघीयतालाई व्यवहारिक ढङ्गले लागु गर्ने ! सत्ता पक्षको मात्रै हालिमूहाली हुने किसिमले होइन भुगोल, जनसंख्या र आवश्यकताको आधारमा प्राथमिकता दिई सन्तुलित बिकासका लागि बजेट विनियोजन गर्ने ! सिमावर्ती क्षेत्रमा बिकास केन्द्रित गर्ने !

९. पारदर्शी र जवाफदेही जनताको सरकार बनाउने ! प्रश्न देखि भाग्ने, प्रतिपक्ष देखि टाढा जाने, जवाफदेहिताबिहिन सरकार नबन्ने ! जनताको सुरक्षा र सेवा प्रवाहमा ध्यान दिने !

१०. सुकुमबासी तथा व्यवसायीहरुलाई व्यवस्थाथित गर्ने नीति लागु गर्ने ! विस्थापन र दमनको नीति लागु नगर्ने ! उचित पुनर्बास र क्षतीपूर्तीको प्रबन्ध मिलाउने !

११. प्रकृति र बस्ती संरक्षण, जलवायु संरक्षण जस्ता संरक्षण तथा विपद व्यवस्थापनमा विशेष कार्यक्रम प्रभावकारी लागु गर्ने !

१२. सुशासनका निम्ति भ्रष्टाचार अन्त्य गर्ने ! निष्पक्ष, मितव्ययी, पारदर्शी, जवाफदेही, दुरदर्शी, परिपक्क र दीर्घकालीन कामहरु गर्ने !

१३. देशै भरि शान्ति सुव्यवस्था कायम गर्न आवश्यक सबै खाले उपायहरु अपनाउने ! नैतिक शिक्षा, सामाजिक शिक्षा लगायत अर्थ उपार्जन र व्यवस्थापन शिक्षा लागु गरी आपाराधिक गतिबिधि घटाउन अग्रगामी पहल गर्ने !

१४. खानेपानी, स्वास्थ्य, शिक्षा, सडक, विजुलीबत्ती जस्ता आधारभूत आवश्यकता परिपूर्तीमा जोड दिने !

१५. किशान, मजदुर, सुकुम्बासीका समस्या पहिचान गरी सामाधानको पहल गर्ने ! धनीको मात्रै होइन गरीबको पनि हो यो देश भन्ने व्यवहार देखाउने ! गरीबी निवारणका नीति तथा कार्यक्रम प्रभावकारी लागु गर्ने ! किशान र मजदुरको सुरक्षाको प्रबन्ध मिलाउने !

Contact: 9819012372
Website: www.ssparty.org.np
E-mail: harka2009@gmail.com

AI Triple Real Camera
CS Scanned with CamScanner

१६. भुटानी शरणार्थी जस्ता शरणार्थीहरुको समस्यालाई हल गर्न सक्रीय भुमिका खेल्ने र आवश्यक समन्वय र सहकार्य गरी समस्यहल गर्ने !

१७. सबै खाले विभेदको अन्त्य गरी नागरीकलाई सुशासन महशुस गराउने ! सेवा सुबिधा र अवसर हरुमा हुने गरिने विभेदको अन्त्य गरी समतामूलक समाज निर्माणमा जोड दिने !

१८. भूपु गोर्खा सैनिकहरुको समान पेनशनका लागि नेपाल सरकारले आवश्यक सबै सहयोग र पहल गर्ने ! नेपाल सरकारले गरेको सन्धि अन्तर्गत गएका हुनाले भूपु गोर्खाहरुको नागरीकता यथावत राख्ने !

१९. व्यवस्था परिवर्तन तथा राजनीतिक आन्दोलनहरुका शहीद, वेपत्ता, घाइँतेहरुको वास्तविक अभिलेख राखी राज्यले विशेष सेवा सुबिधा प्रदान !

२०. परिवारविहिन सडकका अनाथ असहायहरुको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने ! उनीहरुको जीवन संरक्षण गर्ने ! ससम्मान बाँच्न पाउने अधिकार ग्यारेण्टी गर्ने ! परिवार जन

२१. सहकारी ठगहरुलाई कारवाही गर्ने ! जीबी राई लगायतका ठगी प्रकरणमा आरोपितहरुलाई पक्रेर ल्याउने र को दोषी को निर्दोष टुङ्गो लगाएर दोषी उपर कारवाही गर्ने ! सहकारी पिडितहरुको बचत पैसा फिर्ता गर्ने ! पैसा फिर्ता गर्दा राज्य कोषबाट नभई ठगहरुकै जायजेथा लिलाम गरी पैसा फिर्ता दिने !

२२. लोकतन्त्रलाई बलियो बनाउन मर्यादित र स्वतन्त्र पत्रकारिता र नागरीकको अभिव्यक्ति स्वतन्त्रता ग्यारेण्टी गर्ने !

२३. कर्मचारी, प्रहरी, अख्तियार, न्यायलय जस्ता राज्यका अंगहरुलाई पार्टीगत राजनीति या राजनीतिक प्रभाव र दवाव देखि मुक्त राखी स्वतन्त्र निष्पक्ष राखी सबैको लागि राज्यको अनुभूति गराउने ! निष्पक्ष कानुनी अभ्यास गर्ने ! प्रतिशोध नभएर दोषको आधारमा दण्ड सजाय र जरिवाना लगाउने !

२४. वैदेशिक रोजगारमा गएका नेपाली नागरीकहरु विदेशबाटै मतदान गर्न पाउने व्यवस्था गर्ने ! वैदेशिक रोजगारका गएकाहरुको पारिश्रमिक, स्वास्थ्य तथा सुरक्षा बिमा लगायतका सुबिधाहरुको ग्यारेन्टी गराउने !

benco S1
AI Triple Rear Camera

मानननीय हर्कराज राई
प्रतिनिधिसभा सदस्य, सुनसरी-१
संसदीय दलको नेता,
श्रम संस्कृति पार्टी

Hon'ble Harkaraj Rai
Member of Parliament, Sunsari-1
Parliamentary Party Leader,
Shram Sanskriti Party

२५. देशभर अधुरा छोडिएका पुल, बाटा, अस्पताल, विद्यालय, उद्योग जस्ता पूर्वाधारहरुलाई यथाशीघ्र सम्पन्न गर्ने ! काम नगर्ने ठेकेदारहरुलाई कानुनी कारवाही गर्ने !

२६. सार्बजनिक खरीद ऐन सम्सोधन गरी सबै भन्दा सस्तो बोल लाउनेले ठेक्का पार्ने चलनको अन्त्य गरी गुणस्तर र समस्य सिमाको ग्यारेण्टी गर्नेले ठेक्का पार्ने किसिमको कानुन तय गर्ने !

२७. स्रोत बिनाको सम्पत्ति जोडकाहरुलाई कारवाही गर्ने ! त्यस्ता सम्पत्तिलाई सरकारीकरण गर्ने !

२८. अटेरी, कामचोर, भ्रष्ट र घुसखोर कर्मचारीहरुलाई सरुवा मात्रै होइन बर्खास्त गर्ने कानुन बनाउने ! राम्रा कर्मचारीहरुलाई पुरस्कृत गर्ने तथा बढुवा दिने चलनको शुरुवात गर्ने !

२९. gen z आयोग गठन गरी युवा पुस्ताका बिचार, भावना र चाहना अनुसारका नीति तथा कार्यक्रम तय गरी लागु गर्ने !

३०. जाति जनसंख्या र भुगोललाई अध्ययन गरेर समानुपातिक समावेशी प्रतिनिधित्वको नीति लागु गर्ने !

३१. बर्षौं लागेर पनि फैसला हुन नसकेका मुद्दाहरु छिटो छरितो तथ्यमा आधारित निर्णय गर्नु पर्ने ! त्यस तर्फ सम्बन्धित निकायलाई काम गर्न लाउने !

३२. सांस्कृतिक, प्राकृतिक, धार्मिक तथा श्रमदान पर्यटनको बिकास गर्ने ! सम्पदाहरुको संरक्षण र प्रबर्धन गरी विश्व सामु प्रस्तुत गर्ने !

३३. नागरीकको जीऊ धनको सुरक्षाको ग्यारेण्टी गर्ने ! मान्छे लाई बचाउने मात्रै नभई वन्यजन्तु आरक्षणमा समेत विशेष नीति तथा कार्यक्रम लागु गर्ने !

हर्क साम्पाङ ( हर्कराज राई )
अध्यक्ष
श्रम संस्कृति पार्टी
9819012372
9746965198



benco S1
AI Triple Rear Camera